"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदबारी नगरपालिकाको प्रयास"

खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल

प.सं.: २०७७/७८

च.नं.: ३९५२

मितिः२०७७/१२/१२

विषयःसूचना॥ सूचना॥ सूचना॥

प्रस्तुत विषयमा खाँदबारी नगरपालिका न्यायिक समितिद्धारा नगरपालिका स्तर मेलमिलाप केन्द्र तथा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरी संचालन गर्न मेलमिलापकर्ताको आवश्यक रहेको हुदाँ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७(१) र (२)मा उल्लेख भएका विषयमा पर्ने विवाद र झै-झगडाहरु मिलापत्र गराउनको लागि खाँदबारी नगरपालिका न्यायिक समिति कार्यविधि ऐन २०७५ मा तोकिएका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई मेलमिलापकर्ता सूचिकृत हुनको लागि सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सूकचिकृत हुन र सूचिकृत भएका मेलमिलापकर्ताहरुको हकमा नविकरण गर्न निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

<u>मेलमिलापकर्ता हुन आवश्यक योग्यताः</u>

१.कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

२.कुनै राजनीतिक दलप्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,

३.स्थानीय स्तरमा समाजसेवीको रुपमा विभिन्न सामाजिक सञ्जाल(सहकारी, आमा समुह, समिति )मा रहेर सामाजिक प्रतिष्ठा बनाएका,

४.मेलमिलापकर्ताको तालिम लिई मेलमिलापकर्ताको रुपमा कुनै अदालतमा मेलमिलाप कर्ताको रुपमा सुचिकृत भई कार्य गर्दै आएको,

५.२५ वर्ष उमेर पुरा भएको,

६.माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि तालिम लिई यस अघि सूचिकृत भई हालसम्म निरन्तर मेलमिलाप समितिमा रही कार्य गर्दै आएको हकमा निजलाई निरन्तरता दिन सकिने।

<u>मेलमिलापकर्तामा सूचिकृत हुनको लागि आवश्यक कागजातहरुः</u>

१.नेपाली नागरिकताको प्रमाणको प्रमाण पत्र छाँया कपी १

२.मेलमिलाप सम्बन्धित तालिमको प्रमाण पत्र छाँया कपी १ र फोटो २ प्रति

३.व्यक्तिगत विवरण र मेलमिलाप सम्बन्धि अनुभव पत्रको छाँया कपी १

शेखर बाबु कार्की
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत